## टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउ (Future Brood) वितरण कार्यक्रम कार्य संचालन प्रक्रिया २०७७

पृष्ठभूमी

नेपालमा मत्स्य पालनको शुरुवात करिव २००४ सालवाट भएको पाईन्छ । विभिन्न मित्र राष्ट्रहरुवाट करिव छ दशक पहिले भित्रिएको चाईनिज तथा ईन्डियन मेजर कार्पका भुराहरुवाट माउ व्यवस्थापन गरी नेपालका सरकारी तथा निजी ह्याचरी/फार्महरुमा हाल सम्म पनि निरन्तर रुपमा प्रजनन् तथा मत्स्य बिज विक्री वितरण कार्य भैरहेको छ। एउटै माउको स्रोतवाट लामो समय सम्म प्रजनन् गर्दा सजातीय प्रजनन् (inbreeding) को कारण जातिय शुद्धता, रोग प्रतिरोधात्मक क्षमतामा ह्रास र मत्स्य उत्पादकत्वमा नै ह्रास हुन आएको छ । त्यसकारण नयां स्रोतका माउवाट प्रजनन् गरी गुणस्तरयुक्त मत्स्य विज उत्पादन गरी मत्स्य उत्पादन वढाउने हेतुले आ.व. २०६७/०६८ मा मित्रराष्ट्र चिनवाट सिल्भर कार्प, विगहेड कार्प, कमन कार्प र ग्रास कार्पका फ्राई भुराहरु भित्रयाई मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, रुपन्देहीको पोखरीहरुमा पालेर माउ व्यवस्थापन गरी आ.व. २०७१/७२ साल देखि निरन्तर रुपमा सफल प्रजनन गरी मत्स्य विज उत्पादन तथा विक्री वितरण गर्दै आएको छ। यसरी उत्पादन गरिएको पहिलो बंशको मत्स्य बिजमा पिट टयाग राखी व्यवस्थापन गरीएका माउहरु सरकारी तथा निजी क्षेत्रका मत्स्य ह्याचरीकर्ताहरु मार्फत सजातीय प्रजनन् (inbreeding) नहुने गरी कार्पजात माछापालन गरिने क्षेत्रहरुमा मत्स्य बिज उत्पादन तथा वित रण गरिनेछ ।

### परिच्छेद १
### प्रारम्भिक

१ <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यो कार्य संचालन प्रक्रियाको नाम "टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउ वितरण कार्यक्रम कार्य संचालन प्रक्रिया २०७७ हुनेछ" ।

(ख) यो कार्य संचालन प्रक्रिया स्वीकृत भएको मितिवाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य संचालन प्रक्रिया माः**

(क) "कार्यक्रम" भन्नाले टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउ वितरण कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "श्रोत केन्द्र" भन्नाले मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, रुपन्देही सम्झनु पर्दछ ।

(ग) "भावी माउ" भन्नाले शुद्ध नश्लको माउ माछावाट प्रजनन गरी पिट टयाग गर्नको लागी पालिएका २५-५० ग्राम तौलका कार्प जातका माछाहरु सम्झनु पर्दछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

(घ) "निर्देशनालय" भन्नाले प्रदेश स्तरमा रहेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(ङ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(च) "स्थानिय तह" भन्नाले गाउँपालिका/नगरपालिका को पशु सेवा वा मत्स्य विकास शाखा सम्झनु पर्दछ ।

(छ) "ट्याग" भन्नाले भावी माउमा लगाइने PIT (Passive Integrated Transponder) ट्याग सम्झनु पर्दछ।

(ज) "शुद्ध नक्ष" भन्नाले विभिन्न देशबाट ल्याएको आनुवंशिक रुपमा शुद्ध रहेको कार्प जातको को नक्ष सम्झनु पर्दछ ।

(झ) "मत्स्य विज" भन्नाले शुद्ध नक्षको माउबाट उत्पादित पहिलो वंश (F1) को माछाको भुरा सम्झनु पर्दछ ।

(ञ) ""ह्याचरीकर्ता" भन्नाले विभिन्न प्रजातिको माछाको ह्याच अवस्थाको भुरा उत्पादन गर्ने ह्याचरी संचालन गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(ट) "नर्सरीकर्ता" भन्नाले कमन कार्प प्रजातिको ह्याच उत्पादन लगायत विभिन्न प्रजातीको मत्स्य विज उत्पादन र नर्सरी संचालन गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(ठ) "ह्याचरी कम्प्लेक्स" भन्नाले विभिन्न प्रजातिको मत्स्य विज उत्पादन गर्न आवश्यक न्यूनतम भौतिक संरचना सम्झनु पर्दछ ।

**३) कार्यक्रम संचालनको उद्देश्य:**

कार्प जातका माछापालनमा आधारित क्षेत्रहरुमा शुद्ध नक्षका गुणस्तरिय मत्स्य विजहरुको उपलव्धता सुनिश्चित गरी मत्स्य उत्पादनमा वृद्धि गर्ने ।

## परिच्छेद २

**४) प्रस्तुत कार्यक्रम संचालन सम्वन्धमा देहाय वमोजिमका प्रकृया रहने छ ।**

(क) यस कार्यक्रम अन्तर्गत पिट ट्याग गरिएका कार्पजातका भावी माउहरु सरकारी तथा निजी क्षेत्रका ह्याचरीकर्ता र कमनकार्प माछा प्रजनन गर्ने नर्सरीकर्ताहरुलाई वितरण गरीने छ ।

(ख) यो कार्यक्रम श्रोत केन्द्रको प्रत्यक्ष कार्यान्वयनमा संचालन हुनेछ ।

(ग) कार्यक्रमलाई संचालन गर्न संघिय तह, सम्वन्धित प्रदेश सरकार र स्थानिय तहहरुको समन्वय तथा प्राविधिक सहयोगी भूमिका हुनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. वंशी शर्मा
महानिर्देशक

(घ) सरकारी तथा निजी क्षेत्रका ह्याचरीकर्ता र कमनकार्प माछा प्रजनन गर्ने नर्सरीकर्ताहरुलाई आवश्यक पर्ने पिट टयाग सहितको भावी माउहरु जात र संख्या उल्लेख गरी प्रत्येक आ. व. को माघ मसान्त भित्र श्रोत केन्द्रमा लिखित रुपमा माग गर्नु पर्नेछ ।

(ङ) सरकारी तथा निजी क्षेत्रका ह्याचरीकर्ता र कमनकार्प माछा प्रजनन गर्ने नर्सरीकर्ताहरुवाट आवश्यक पर्ने पिट टयाग सहितको भावी माउहरु जात र संख्या उल्लेख गरी लिखित रुपमा प्राप्त भएका मागहरुलाई सम्वोधन गर्ने गरी श्रोत केन्द्रले आगामी आ.व. को प्रस्तावित कार्यक्रममा प्रस्ताव गर्ने छ ।

(च) पिट टयाग सहितको भावी माउको माग गर्ने ह्याचरीकर्ताहरु रितपुर्वक दर्ता भएको हुनुपर्नेछ ।

(छ ) ह्याचरी नर्सरी संचालन गर्ने सम्पुर्ण पुर्वाधारहरु (अनुसूचि-१ बमोजिम) तयार भएको हुनु पर्नेछ ।

(ज) ह्याचरी/नर्सरीकर्ताहरुले कम्तिमा ३ वर्ष ह्याचरी/नर्सरी संचालनको अनुभव प्राप्त गरेको हुनु पर्ने छ ।

(झ) सम्वन्धित प्रदेश/स्थानिय तहको मत्स्य कार्यक्रम संचालन गर्ने प्राविधिकको सिफारीस (अनुसूची १ अनुसार) सहित मागको निवेदन (अनुसूची -२ अनुसार) दिनु पर्ने छ ।

(ञ) यसरी प्राप्त भएका निवेदनहरु मध्ये श्रोत केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्वन्धित क्षेत्रमा मत्स्य विजको माग, मत्स्य प्रजनन क्षमता र सम्वन्धित प्रदेश/स्थानिय तहको मत्स्य कार्यक्रम संचालन गर्ने प्राविधिकको समन्वयमा उपलव्ध गराईने पिट टयाग सहितको भावी माउको जात र संख्या निर्धारण गरिने छ ।

(ट) छनोट भएका (अनुसूची १ र ३ अनुसार) ह्याचरी/नर्सरीकर्ताहरुले अनुसूची ४ बमोजिम सम्झौता गर्नु पर्ने छ।

(ठ) छनोट भएका ह्याचरी/नर्सरीकर्ताहरुले उपलव्ध हुने पिट टयाग सहितका भावी माउहरु श्रोत केन्द्रवाट मंसिर देखि माघ महिना भित्रमा लगिसक्नु पर्ने छ ।

(ड) श्रोत केन्द्रले उपलव्ध गराएका भावी माउहरुको जात, संख्या र पिट टयागको नम्वर सहितको विवरण केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, वालाजु, सम्वन्धित प्रदेशको निर्देशनालय, विज्ञ केन्द्र, स्थानिय तह र ह्याचरी/नर्सरीकर्तालाई उपलव्ध गराउनु पर्ने छ ।

(ढ) ह्याचरी/नर्सरीकर्ताहरुले श्रोत केन्द्रवाट उपलव्ध गराईएका टयाग सहितको शुद्ध नश्लका माउहरु प्रजननका लागि तयार भइसके पछी सोहि माउहरुबाट मात्र प्रजनन गरी मत्स्य विज विक्री वितरण गर्नु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंसी शर्मा
महानिर्देशक

(ण) थप भावी माउआवश्यक परेमा ह्याचरी/नर्सरीकर्ताहरुले श्रोत केन्द्रमा प्रकृया पुरा गरी पुनः माग गर्नु पर्ने हुन्छ।

( त) भावी माउहरुको विमा अनिवार्य रुपमा गर्नु पर्ने छ ।

(थ) ह्याचरी/नर्सरीकर्ताहरुले शुद्ध नश्लवाट उत्पादन गरिएका मत्स्य विज बिक्री बितरण भईरहेको सुचना मुलक बोर्ड राख्नु पर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम समन्वय तथा अनुगमन व्यवस्था

**५) कार्यक्रम कार्यान्वयन केन्द्रीय समितिः**

यस कार्यक्रम कार्यान्वयनको लागी संलग्न तहहरुलाई आवश्यक सहजिकरण एवं समन्वयको व्यवस्था गर्न श्रोत केन्द्र स्तरमा तपशिल वमोजिमको समिति रहने छ ।

तपशिलः

१) केन्द्र प्रमुख, मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र रुपन्देही — संयोजक

२) केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र — सदस्य

३) मत्स्य शुद्ध नश्ल कार्यक्रम तर्फको मत्स्य विकास अधिकृत (मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र रुपन्देही) — सदस्य सचिव

आमन्त्रित २ जनाः मत्स्य क्षेत्रमा अनुशन्धान, प्रसार तथा प्राज्ञिक अनुभवी व्यक्ति तथा ,
गाउँपालिका/नगरपालिकाको कृषि/पशु/मत्स्य प्राविधिक प्रतिनिधि

**६) कार्यक्रम अनुगमन तथा मुल्याङ्कन ब्यवस्थाः** यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सम्बन्धित स्थानिय तह, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय, केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, पशु सेवा बिभाग, भुमी ब्यवस्था कृषि तथा सहकारी मंत्रालय र कृषि तथा पशुपन्छी बिकास मंत्रालय वाट हुनेछ।

(ख) श्रोत केन्द्रले आवश्यक्ता नुसार अनुगमन तथा मुल्यांकन सम्वन्धि ढाँचा तयार गर्नेछ । सो ढांचा वमोजिमको अनुगमन प्रतिवेदन निर्धारित समय भित्र श्रोत केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

## परिच्छेद ४

## विविध

७) **प्रचलित कानुन लागु हुने:** प्रचलित कानुनमा व्यवस्था भएका विषयहरुका सम्वन्धमा सोही वमोजिम र अन्य व्यवस्थाका सम्वन्धमा यसै कार्य संचालन प्रक्रिया वमोजिम हुनेछ ।

८) **अन्तिम व्यवस्था:** यस कार्य संचालन प्रक्रिया को वुझाईमा द्विविधा भएमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

९) अनुसुचिमा हेरफेर गर्न सक्ने: यस कार्य संचालन प्रक्रिया मा संलग्न अनुसुचिहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहमतिमा आवश्यक्ता र सम्भावनाका आधारमा परिमार्जन गर्न सकिने छ ।

१०) **खारेजी तथा संसोधन:** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यक्तानुसार कार्य संचालन प्रक्रिया मा विधिपुर्वक संसोधन तथा खारेजी गर्न सक्ने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. वंशी शर्मा
महानिर्देशक

## अनुसूचि-१

*परिच्छेद -२ दफा ४ (छ र झ) सँग सम्बन्धित*

टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउवितरण कार्यक्रम कार्यान्वयन कार्य संचालन प्रक्रिया २०७७ अनुसार ह्याचरी/नर्सरी संचालन गर्ने सम्पुर्ण पुर्वाधारहरुको न्युनतम विवरण:

क) ह्याचरी कम्प्लेक्स सेड सहित (स्पनिङ्ग टयाङ्क-१ , ईन्कुवेसन टयाङ्क-३ , रियरिङ्ग टयाङ्क-२ , होल्डिङ्ग टयाङ्क-१, ओभरहेड- ५० हजार लिटर र पानी व्यवस्थापन- बोरिङ्ग वा स्यालो टयुवेल-१पम्पिंगा सेट र मोटरसहित ) ।

ख) माउ र मत्स्य विज व्यवस्थापनको लागी आवश्यक पर्ने विभिन्न पोखरीहरु (१५० के जी पोथी तथा ३०० के जी भाले, ८ कठा नर्सरी, १८ कठा रियारिंग पोखरी, १८ कठा माउ पोखरी) ।

ग) विजुली वत्तीको व्यवस्था )।

घ) वाटो घाटोको व्यवस्था ।

ङ) गोदामको व्यवस्था ।

च) दक्ष जनशक्ती (मान्यताप्राप्त संघ संस्थाबाट कम्तिमा १ हप्ताको नर्सरी तथा ह्याचरी व्यवस्थापन सम्बन्धि तालिम लिएको)।

छ) फार्म संचालनको लागी आवश्यक कामदारहरु।

ज) प्रजननको लागी आवश्यक उपकरणहरु र विभिन्न प्रयोजनमा प्रयोग हुने जालहरु ।

ट) सुरक्षा ब्यवस्था ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. वंशी शर्मा
महानिर्देशक

## अनुसूचि-२

*परिच्छेद -२ दफा ४ (झ) सँग सम्बन्धित*

**टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउमाग फारम**

विषयः टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउमाग सम्बन्धमा ।

श्रीमान्................................

.......................................

महोदय,

उपरोक्त सम्बन्धमा यस केन्द्रबाट वितरण हुने शुद्ध नश्ल भावी माउ, ह्याचरी संचालनको लागि आवश्यक परेको हुँदा तपशिलको विवरणको अनुसार शुद्ध नश्ल भावी माउउपलव्ध गराईदिनुहुन अनुरोध छ।

निवेदक

ह्याचरीको नामः

पान न.ः

ह्याचरी संचालान्कर्ताको नामः

ठेगानाः

फोन.नंः

इमेलः

तपशिलः

भावी माउमाग विवरणः

| माछाको जात | भाले भावी माउसंख्या | पोथी भावी माउसंख्या | जम्मा संख्या |
|---|---|---|---|
| कमन कार्प | | | |
| सिल्वर कार्प | | | |
| विगहेड कार्प | | | |
| ग्रास कार्प | | | |
| | | जम्मा | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

## अनुसूचि-३

*परिच्छेद -२ दफा ४ (ट) सँग सम्बन्धित*

### ह्याचरी संचालनकर्ता ह्याचरीको प्राविधिक विवरण

१.) ह्याचरी कम्प्लेक्स को विवरण:

स्पनिङ्ग टयाङ्क (संख्या )-........,

होल्डिङ्ग टयाङ्क (संख्या)-................. ,

ईन्कुवेसन टयाङ्क (संख्या/)-..............,

ओभरहेड टयांक (हजार लि.) -.................

रियरिङ्ग टयाङ्क (संख्या)-.............. ,

पानीको श्रोत-............... ।

२.) माउ पोखरीको विवरण (संख्या/हे.)-......................................।

२.१ नर्सरी पोखरी (संख्या/हे.) :

२.२ माउको विववरण: ................................

३. जनशक्तिको विवरण:

४. दानाको व्यवस्थापन विवरण:

क. दाना भण्डारण गर्ने गोदाम कोठाको विवरण:

ख. दानाको विवरण पलेट/घरेलु:

५. भुरा ढुवानीको व्यवस्था सम्बन्धि विवरण :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

## अनुसूचि-४

*(परिच्छेद -२ दफा ४ (ट) सँग सम्बन्धित)*

<u>टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउ वितरण कार्यक्रम सञ्चालनका लागि गरिने सम्झौता–पत्र</u>

मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र रुपन्देही (यसपछि पहिलो पक्ष भनिने) को आर्थिक बर्ष ............को बार्षिक स्वीकृत कार्यक्रम अनुरुप टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउ वितरण कार्यक्रमको श्री / उद्योग / संस्था / नीजी फर्म ............................................................ (यसपछि दोस्रो पक्ष भनिने) ले कार्य सन्चालन गर्ने गरी पहिलो पक्षबाट स्वीकृत गरी अनुमति दिईएकोले देहाय बमोजिमको शर्तनामाहरु गरी गराई कार्य सम्पन्न गर्न सहमती भई पहिलो पक्ष र दोस्रो पक्ष बीच यो सम्झौता गरिएको छ ।

(१) दोस्रो पक्षले पहिलो पक्षबाट आबश्यक प्राविधिक सल्लाहा एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्पन्न गर्नेछ।

(२) पहिलो पक्षले प्राप्त कागजात र मागको आधारमा दोस्रो पक्षले टयाग सहितको मत्स्य शुद्ध नश्लको भावी माउप्राप्त गर्नेछ ।

(३) अधिकारवाला तहले प्रस्ताव बमोजिमको नियमित ब्यबसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ।

(४) यस सम्झौतामा उल्लेखित कार्य गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप र भवितब्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयं आफैं हुनेछ ।

(५) सम्झौता भएको मितिले २(जात अनुसार ) वर्ष भित्र दोश्रो पक्षले शुद्ध नश्लको भुरा उत्पादन शुरु गरेको हुनु पर्ने छ ।

(६) यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

**पहिलो पक्षको तर्फबाट**

नाम, थर:

कार्यालयको नाम:

पद:

दस्तखत:

सम्पर्क फोन:

कार्यालयको छाप:

**दोस्रो पक्षको तर्फबाट**

नाम, थर:

उद्योग/संस्थाको नाम:

पद:

दस्तखत:

मिति:

सम्पर्क फोन:

| औठा छाप | |
|---|---|
| दांया | बांया |
| | |

समुह/संघ/संस्थाको छाप

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक